सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# शिक्षा युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८०

च.न. १०८८

मितिः२०७९।०९।०५

**विषयः अदालतको आदेश कार्यान्यवन सम्बन्धमा।**

**श्री सामुदायिक विद्यालयहरु सबै**
**सिमकोट गाउँपालिका सिमकोट,हुम्ला**

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वीरेन्द्रनगर,सुर्खेतको पत्र संख्या २०७९।०८० च.न.४२२ मिति २०७९।०५।२९ गतेको प्राप्त पत्रानुसार उच्च अदालत,सुर्खेतबाट मिति २०७९।०४।२५ गते देहाय बमोजिम परमादेश जारी भएको व्यहोरा अनुरोध गर्दै सम्मानित अदालतबाट भएको उक्त परमादेश बमोजिम गर्ने गराउने आवश्यक व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

**देहायः**

" सामुदायिक विद्यालयहरुले स्थानीय अभिभावक एवं अन्यले दिएको स्वेच्छिक सहयोग,दान दानव्य,चन्दा, बक्सिस पुरस्कार लगायतका रकम बाहेक विद्यालयमा अध्ययन गरेबापत अनिवार्य शुल्क असुल नगर्नु,नगराउनु र नेपाली आम नागरिकका सन्तानले कक्षा ८ सम्म अनिवार्य निःशुल्क पढन् पाउनुपर्ने र कक्षा ९ देखि १२ कक्षा सम्म निःशुल्क पढन् पाउनुपर्ने हक सुरक्षित हुनुपर्ने कुरालाई दृष्टिगत गरी कर्णाली प्रदेश भरीका विद्यालयहरुले विद्यार्थीबाट अनिवार्य शुल्क नउठाउने व्यवस्था गराउनुका साथै विद्यालयले शैक्षिकस्तर सुधार तर्फ समेत यथोचित प्रबन्ध समेत गराउनु भनि लेखि आएकोले गर्नु गराउनु हुन सूचित गरिन्छ"।

(ममता महत )

नि.प्रमुख प्रशासकीय अधिकृत

" छरितो सेवा र पारदर्शिता , सिमकोट गाउँपालिकाको प्रतिवद्धता "